# हङ्कङ्मा किरातराईहरूको स्थिति

नरेन्द्र राई
हङकङ

हङकङमा नेपालीहरूको जनसङ्ख्या कति छ भन्ने यकिन तथ्याङ्क अहिले सम्म कसैले दिन सकेका छैन न् । हङ्कङ् अध्यागमन विभाग शाही नेपाली महावाणिज्यदूतावास र नेपाली महासंघ हङ्कङ्जस्ता जिम्मेवार सस्थाहरूले पनि नेपालीहरूको यकिन जनसङ्ख्या बताउन असमर्थ छन् । यहाँ सम्पन्न विभिन्न कार्यक्रमहरूका भाषणहरूमा र प्रकाशित लेख रचनाहरूमा पचासौं हजार नेपालीहरू हङ्कङ्मा रहेका कुरा सुन्न र पढ्न पाइएको छ । यहा संघसंस्थाहरू पनि करिब करिब पसाचै हाराहारीमा निर्माण भएका छन् । अत : पचास हजार नेपालीहरू रहेका भाषण ठोक्नु र लेख्नलाई स्वाभाविक नै मान्नु पर्छ । हङ्कङ्मा वास्तविक किरात राईहरू कति छन् भन्ने कुरा पनि अहिलेसम्म किरात राई ( किराया) हङ्कङ् र अन्य कसैसँग पनि सही तथ्याङ्क छैन । सही र यकिन तथ्याङ्कको निम्ति किराया हङ्कङ्ले प्रयास गरिरहेको छ । परन्तु यहाँ थुप्रै कठिनाईहरू, अप्ठ्यारा, बाधा, अड्चन र जटिलता विद्यमान छन् । मूलत इच्छाशक्ति कम्जोर छ र जीवन यान्त्रिक छ । जस्मा हामी अधिकांश व्याक्तिपरक छौं ।

हङ्कङ्मा किरायाहरूका दैनिक दैनिकी अन्य नेपालीहरू भन्दा कुनै पृथक छैन । नेपालीहरू विदेशीनुको अर्थ रोजगारी नै हो, पौच वालाको सन्तानहरू अध्ययनकोलागि विदेश जान्छन् र यो सुखद उज्यालो पक्ष हो । रोजगारीकोलागि विदेशीने नेपालीहरूको हृदयविदारक समचारहरू बारम्बार पढ्नु पर्दा यो भूगोलको जुनसुकै कुनामा रहेका नेपालीहरू प्रभीभूत हुन्छन् , सोकमग्न बन्दछन् । मानवीय जीवनका सुन्दरतम सपनाहरू सङ्गालेर अध्ययनकोलागि विदेशमा विद्यार्थी जीवन विताई रहेका नेपालीहरू विभिन्न दुर्घटनामा परेर जीवनलिला त्याग्न पुग्छन् । जीन्दागी बाच्नुको कुनै प्रत्याभूति छैन, जीवन सधै असुरक्षित र अनिश्चित छ । निश्चित र शास्वत मृत्यु मात्र छ त्यो पनि कसको मृत्यु कहिले र कहाँहुने हो अनिश्चित नै हुन्छ ।

प्रसङ्ग हङ्कङ्का राईहरू अलि विषयान्तर हुन पुगका छन्किन की हङ्कङ् यो एकमात्र देश हो जहा नेपालीहरू जन्मसिद्ध अधिकारको उपयोग गरेर बसेका छन् । यहाँका किरात राईहरू पनि जन्मसिद्ध स्थायी वसोबास गर्ने उनीहरूका आश्रितहरू साथै अनुबन्दमा घरेलु कामदारका रूपमा उल्लेख्य सङ्ख्यामा रहेका छन् । फलत : यहाँ रहेका सम्पूर्ण किरात राईहरूलाई एकत्रित र संगठित गर्दै आफ्नो भाषा धर्म, सस्कृती, परम्परा र रितीरिवाजलाई संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यहरू सहित सन् १९९८ सालमा किराया हङ्कङ्को निर्माण भयो । यो संस्थाको बारेमा संक्षिप्त चर्चा गर्नु सायद सान्दर्भिक नै होला भन्ने ठानेको छु ।

क) संस्था निर्माण भएको छोटो अवधिमै हङ्कङ्को आधारभूत कानून ( Basic law ) लाई नेपालीमा अनुवाद गरेर सबै नेपालीहरूको निम्ति सर्वसुलभ ।

ख) स्थापना कालदेखिनै हरेक बर्ष वैशाखे पूर्णिमाको अवसरमा किरात राईहरूका महान चाड उभौलिमा साकेवा सिली ( चण्डी नाच) को अत्यन्तै भव्य आयोजना गर्दै आएको छ । यहा

सम्पन्न हुने कार्यक्रमहरू मध्ये सबैभन्दा धेरै नेपाली जनसमुदायको उपस्थिति यसै कार्यक्रममा देखिएको छ ।

ग) हरेक बर्ष मंसिरे पूर्णिमा उधौलिको अवसरमा किरात प्रथम राजा यलम्वरको नाममा ' यलम्वर भलीवल रनिङ सिल्ड' प्रतियोगीता आयोजना ।

घ ) सन् २००४ मा किरात राईहरूको सामुहिक चुला स्थापना गर्ने हेतुले द्रब्य संकलनको निम्ति 'एलम्बर साांझ' नामक साँस्कृतिक कार्यक्रम सम्पन्न ।

ङ ) उक्त कार्यक्रमबाट सङ्कलित रकमले एउटा कोठा भाडामा लिएर सामुहिक चुलोको स्थापना गरियो । चुलामा दुई जोडी राईहरूले आफ्नो परम्परा अनुसारका विवाह पनि गरिसकेका छन् ।

च) विश्व सञ्जाल (Internet) खोल्ने उद्देश्य अनुरूप आर्थिक सङ्कलनको निम्ति सन् २००५ को नोभेम्बरमा किरात राई सस्कृतीमा आधारित चलचित्र " रिसीम (मुस्कान)" को भव्य प्रर्दशनी यस कार्यक्रमबाट सङ्कलन भएको रकमले इन्टरनेट सञ्चालन भईरहेको www.kiratrai.org यद्यपी यो औपचारिक उद्घाटन भने भएको छैन । निकट भविष्यमा निश्चय पनि हुने छ ।

उपरोक्त कार्यहरूको अलवा किराया हङ्कङ्ले यहाँ रहेको विभिन्न समस्याहरू प्रति गम्भीर साचो राख्ने र समाधानकोलागि सहयोग गर्दै आएको छ । नेपाली महासंघ हङ्कङ्को सदस्य संस्थाको हैसियतले महासंघद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा सक्रिय सहभागिता साथै महत्वपूर्ण सहयोग गर्दै आएको छ । नेपालमा प्राकृतिक प्रकोपले जनधनको क्षति पुराउँदा साथै अन्य समस्याहरूमा किराया हङ्कङ्ले सक्दो सहयोग पुऱ्याई रहेको छ । समग्रमा किराया हङ्कङ्ले सबैको भलो गर्न नसकेपनि एकै जनाको पनि कुभलो गरेको छैन ।

अस्तु ।